आज मिति २०८१ माघ २८ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ५५ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं | १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| ,, ,, ,, | २ | श्री मदन बहादुर राना |
| ,, ,, ,, | ३ | श्री चित्र बहादुर दनाई |
| ,, ,, ,, | ४ | श्री गम बहादुर गुरुङ |
| ,, ,, ,, | ५ | श्री इन्द्र बहादुर गुरुङ |
| ,, ,, ,, | ६ | श्री प्रकाश थापा |
| ,, ,, ,, | ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, ,, | ८ | श्री पविना थापा राना |
| ,, ,, ,, | ९ | श्री खुसिजंग गुरुङ |
| ,, ,, ,, | १० | श्री गंगा बहादुर थापा |
| ,, ,, ,, | ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | | श्री श्रीनाथ दुलाल |
| ,, ,, | | श्री कल्पना थापा बोहरा |
| ,, ,, | | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | | श्री सुकमाया गुरुङ |
| ,, ,, | | श्री सुकमाया घर्ती |
| ,, ,, | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारीको उपस्थिति
प्रशासकीय अधिकृत श्री दिपेश अधिकारी
कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. समपुरक तथा विशेष अनुदानतर्फका आयोजना/कार्यक्रम छनौट सम्बन्धमा
३. युवा सीपमुलक तालिम सञ्चालन कार्यक्रमको सम्बन्धमा ।
४. कार्यविधि स्वीकृत सम्बन्धमा ।
   - शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८१
   - आमा समुह गठन तथा सञ्चालन कार्यविधि,२०८१
५. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
६. अस्पताल सञ्चालन अनुमति सम्बन्धमा ।
७. नगर शिक्षा योजना निर्माणको खर्च प्रस्ताव सम्बन्धमा ।
८. मानव सेवा आश्रमका आश्रितहरुको स्वास्थ्य विमा सम्बन्धमा ।
९. आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।
१०. कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।
११. कृषि तर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।
१२. विद्यालयहरुको दरबन्दी माग सम्बन्धमा ।
१३. वन डंढेलो नियन्त्रण सम्बन्धमा ।
१४. विविध
   - अकबरे खुर्सानी खेतीको उत्पादन प्रदर्शनी कार्यक्रम सम्बन्धमा ।
   - राष्ट्रिय युवा परिषदसंगको साझेदारीमा सञ्चालन गर्ने तालिमको सम्बन्धमा ।
   - श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/१०/२८ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

**निर्णय नं.२: समपुरक तथा विशेष अनुदानतर्फका आयोजना/कार्यक्रम छनौट सम्बन्धमा**

राष्ट्रिय योजना आयोग काठमाण्डौको मिति २०८१/१०/१६ मा प्रकाशित सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ मा व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना तथा कार्यक्रमहरु छनौट गरी तोकिए वमोजिमका विवरणहरु अनलाइन प्रविष्ट गरी २०८१ फागुन १५ गतेभित्र भित्र विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोग काठमाण्डौमा प्रस्ताव पठाउने निर्णय गरियो ।

**(क)समपुरक अनुदानतर्फ छनौट गरिएका आयोजना/कार्यक्रम (प्राथमिकताक्रम अनुसार )**

१. चण्डी-गाउँशहर-काउलेपानी-पुरानोकोटगढी सडक स्तरोन्नति, बेनपा-३ र ४

२. रिठ्ठेबगर-भकुण्डे-तिलाहार सडक स्तरोन्नति, बेनपा-११

३. भकुण्डे-काफलस्वाँरा-चम्डिला-पुरानोकोट सडक स्तरोन्नति, बेनपा-२ र ४

**(ख)विशेष अनुदानतर्फ छनौट गरिएका आयोजना/कार्यक्रम (प्राथमिकताक्रम अनुसार)**

१. भकुण्डे स्वास्थ्य संस्था भवन निर्माण, बेनपा-२

२. रामचोकबेसी स्वास्थ्य संस्था भवन निर्माण, बेनपा-११

३. प्रविधिमैत्री शिक्षण सिकाई र अनुगमन कार्यक्रम

**निर्णय नं.३: युवा सीपमुलक तालिम सञ्चालन कार्यक्रमको सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ को युवा सीपमूलक कार्यक्रमको सम्बन्धमा कार्यालयबाट मिति २०८१/८/२० मा प्रकाशित सूचना अनुसार आवेदन दिने आवेदकहरुसंग मिति २०८१/९/२९ गतेको कार्यपालिका बैठकको निर्णय नं ४ वमोजिम गठित सहभागी छनौट र सेवा प्रदायक संस्था/व्यक्ति सिफारिस समितिबाट लिइएको अन्तर्वार्ताबाट छनौट भएका/हुने सहभागीहरुलाई तालिम उपलब्ध गराउने कार्यको लागि कार्यालयबाट मिति २०८१/१०/१३ मा प्रकाशित सूचना वमोजिम पर्न आएका सेवा प्रदायक संस्थाहरुमध्येबाट देहाय अनुसार छनौट गरी देहायका आधारमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**(१) ब्युटिसियन एडभान्स तालिम, ३ महिने, २० जना ।**

छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः एन्जिला ब्युटीपार्लर प्रशिक्षण केन्द्र, बेनपा -७ (सञ्चालक श्री तिर्थकुमारी घले)

प्रति सहभागी दर रु.२५,०००।– (पच्चीस हजार मात्र)

**(२) हलुका सवारी चालक तालिम, ३० दिने, ५० जना ।**

३.१.छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः लमजुङ कालिका ड्राईभिङ इन्स्टिच्युट बेनपा- ८ (सञ्चालक श्री प्रजल वि.क.) सहभागी संख्या ३० जना र मदरल्याण्ड ड्राईभिङ ट्रेनिङ सेन्टर, बेनपा-७ (सञ्चालक श्री करण थापा) सहभागी संख्या २० जना ।

प्रति सहभागी तालिम शुल्क दर रु.१५०००/- (पन्ध्र हजार मात्र)

गुमान सिंह अर्याल
नगर प्रमुख

**(३) सिलाई कटाई आधारभूत तालिम, ३ महिने, १६ जना ।**

छनौट भएको सेवा प्रदायक व्यक्ति/संस्थाः श्री गीता टेलरिङ तथा प्रशिक्षण केन्द्र, बेनपा ८ (सञ्चालक श्री गीता प्रधान)

प्रशिक्षकलाई ३ महिनाको लागि मासिक रु.३५,०००/- का दरले करार सेवामा नियुक्त गर्ने र अन्य लागत प्र.प.अ. बाट स्वीकृत प्रस्तावना वमोजिम हुने ।

**(४) लेडिज पर्स ब्याग तथा मायाको चिनो बनाउने सम्बन्धी तालिम, ४५ दिने, १८ जना ।**

कुनै पनि आवेदन पर्न नआएको हुँदा सेवा प्रदायक संस्था/व्यक्ति र शुल्क पछि तोकिने ।

**(५) कुकिङ तालिम, ३० दिने , २० जना ।**

कुनै पनि आवेदन पर्न नआएको हुँदा सेवा प्रदायक संस्था/व्यक्ति र शुल्क पछि तोकिने ।

**निर्णय नं.४: कार्यविधि स्वीकृत सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको देहायका कार्यविधिहरु स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

क) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८१

ख) आमा समुह गठन तथा सञ्चालन कार्यविधि,२०८१

**निर्णय नं.५: सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

सेवा प्रवाह, नीति, कार्यक्रम तथा बजेट, कानूनी व्यवस्था, स्थानीय विकास निर्माण लगायतका सवालमा बेसीशहर नगरपालिकाको चालु आ.व. २०८१/८२ को दोश्रो चौमासिक अवधीमा गर्नुपर्ने सार्वजनिक सुनुवाई बेनपा-२ भकुण्डेमा २०८१ फागुन भित्र सञ्चालन गर्ने साथै सार्वजनिक सुनुवाई सहजीकरणको जिम्मेवारी रेडियो मर्स्याङदीलाई प्रदान गर्ने र उक्त कार्यको लागि सुशासन प्रवर्द्धन र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु/सार्वजनिक सुनुवाई लगायत शिर्षकबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६: स्वास्थ्य संस्था ईजाजतपत्र प्रदान गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-७ स्थित मोडेल सिटी हस्पिटल प्रा.लि. ले ५ (पाँच) शैयासम्मको अस्पताल सञ्चालनको ईजाजतपत्र प्राप्तिको लागि सञ्चालक श्री ईश्वर श्रेष्ठ जोशीले आवश्यक कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गरेको निवेदनको सम्बन्धमा यस बैठकमा छलफल हुँदा बेसीशहर नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ वमोजिम अनुगमन समितिले पेश गरेको स्थलगत अनुगमन प्रतिवेदन र संलग्न कागजात समेतका आधारमा जनस्वास्थ्य नियमावली २०७७, स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७(संशोधन समेत), स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३ र बेसीशहर नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ वमोजिम मोडेल सिटी हस्पिटल प्रा.लि. बेसीशहर नगरपालिका-७ लाई ५ (पाँच) शैयाको अस्पताल सञ्चालनार्थ ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

**निर्णय नं.७: नगर शिक्षा योजना निर्माणको खर्च प्रस्ताव सम्बन्धमा ।**

गत कार्यपालिका बैठकको निर्णय अनुसार बेसीशहर नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्ने र सो को खर्च प्रस्ताव पेश गर्न शिक्षा शाखा प्रमुखलाई निर्देशन दिईएको र शिक्षा शाखा प्रमुखवाट लागत अनुमान तयार भएको समेतका आधारमा सो योजना निर्माणको लागि आन्तरिक आय फुटकर शिर्षकबाट रु. ४,००,०००/- (चार लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८: मानव सेवा आश्रमका आश्रितहरुको स्वास्थ्य विमा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका-७ मा अवस्थित मानव सेवा आश्रममा रहेका सवै आश्रितहरुको स्वास्थ्य विमा गराउने र उक्त कार्यको लागि आन्तरिक आयको फुटकर शिर्षकबाट रु.१ लाख विनियोजन विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.विपद् जोखिम व्यवस्थापन तथा पूर्वाधार विकास, बेनपा-४ | ३ लाख ७ हजार ८ सय | १.मालिका मन्दिरदेखि मगरबारीको चौतारासम्म जाने गोरेटो सिंढी निर्माण (अधुरो भएकोले सम्पन्न गर्न) बेनपा-४ | ८० हजार |
| २.जनकल्याण मा.वि. चिती माथि दलित भवन, बेनपा-११(नगरस्तरीय) | २ लाख | २.१तिवारीडाँडाबाट पाण्डेगाउँसम्म जाने बाटो निर्माण, बेनपा-११<br>२.२अंधेरी खोला टार कुलो मर्मत, बेनपा-११ | १ लाख<br>१लाख |
| ३.खेलकुँद सम्बन्धी कार्यक्रम, बेनपा -११ | २ लाख ५० हजार | ३.चिती युवा क्लव खेलकुँद सम्बन्धी कार्यक्रम, बेनपा-११ | १ लाख |
| ४.विद्यालय डिजिटल प्रशासन व्यवस्थापन, बेनपा-२ | ५० हजार | ४.वालकल्याण मावि,कालिका मिलन मावि र वाल विद्याश्रम प्रावि डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन सामाग्री ल्यापटप र प्रोजेक्टर खरिद, बेनपा-२ | २० हजार |
| ५.विद्यालय डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन सामाग्री ल्यापटप र प्रोजेक्टर खरिद, बेनपा-२ | १ लाख ५० हजार | ५.वालकल्याण मावि,कालिका मिलन मावि र वाल विद्याश्रम प्रावि डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन सामाग्री ल्यापटप र प्रोजेक्टर खरिद, बेनपा-२ | १ लाख ५० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| ६.विद्यालय वार्षिक सुवर्ण महोत्सव सहयोग, बेनपा-२ | १ लाख | ६.वालकल्याण मावि,कालिका मिलन मावि र वाल विद्याश्रम प्रावि डिजिटल शिक्षण सिकाई प्रणाली व्यवस्थापन सामाग्री ल्यापटप र प्रोजेक्टर खरिद, बेनपा-२ | ५० हजार |
| ७.युवा जागृति कार्यक्रम (जीवन ज्यूने कला तथा नवप्रवर्द्धनात्मक व्यवसायिकता र उद्यमशिलता तालिम) बेनपा-२ | ७० हजार | ७.मेयर कप र वडाध्यक्ष कप कार्यक्रम, बेनपा-२ | १५ हजार |
| ८.महिला व्यवसायिकता र उद्यमशिल प्रवर्द्धन कार्यक्रम, बेनपा-२ | ५० हजार | ८.वडास्तरीय महिला सञ्जालका सदस्यहरुलाई मादल बजाउने तालिम, बेनपा-२ | ५० हजार |
| ९.बाल क्लव सञ्जाल परिचालन र क्षमता अभिवृद्धि, बेनपा-२ | ५० हजार | ९.वडा बालभेला गरी बाल अधिकार सम्बन्धी तालिम र विविध खेलकुँद र सांस्कृतिक कार्यक्रम, बेनपा-२ | ५० हजार |
| १०.कृषक आय आर्जन प्रवर्द्धनको लागि एक घर एक विरुवा, बेनपा-२ | १ लाख ५० हजार | १०.दलित लक्षित आर्थिक शसक्तिकरणको लागि बाख्रा, बंगुर र कुखुराको चल्ला वितरण, बेनपा-२ | ९० हजार |
| ११. विविध कार्यक्रम खर्च, बेनपा-५ | ५ लाख ५७ हजार | ११.त्यसो डाँडादेखि बाग्लुङपानी पँधेरा सम्म सडक मर्मत, बेनपा-५ | ६० हजार |
| १२.कोच्मे सामुदायिक भवन ट्रस निर्माण, बेनपा-५(नगरस्तरीय) | २ लाख | १२.स्यारे सामुदायिक भवन ट्रस निर्माण, बेनपा-५ | २ लाख |
| १३.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | १३.१ सल्लाघारी कभर्ड हल संरक्षण कार्य, बेनपा-७<br>१३.२ तगारे चौतारो निर्माण, बेनपा-७ | ४ लाख<br>१ लाख |

<u>निर्णय नं.१०: कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिकाको कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० वमोजिम परिच्छेद-२ सेवा सञ्चालन विधि अन्तर्गत दफा ६(२) मा भएको मूल्याङ्कन सम्बन्धी व्यवस्था अनुसार पेश भएका प्रस्तावहरुको नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी सम्बन्धित आवेदकलाई जानकारी दिनुपर्ने व्यवस्था अनुरुप कृषि एम्बुलेन्स सेवा कार्यान्वयन व्यवस्थापन र मूल्याङ्कन समितिको मिति २०८१/१०/०९ गतेको निर्णय समेतका आधारमा एकता कृषि सहकारी संस्था बेसीशहर-२ लाई कृषि

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०८० मा उल्लेख भएको मापदण्ड अनुसार कृषि एम्बुलेन्स सञ्चालन र व्यवस्थापनको लागि सेवा प्रदायकको रुपमा छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं.११: कृषि तर्फको कार्यक्रम संशोधन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०८१/८२ को लागि स्वीकृत कृषि तर्फको देहाय वमोजिमको नगरस्तरीय आयोजना तथा कार्यक्रम देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.उत्पादनमा आधारित अनुदान कार्यक्रम | ४ लाख | ४. कृषि यान्त्रिकरण र कृषि औजार उपकरण विवतरण कार्यक्रम | १ लाख |

**निर्णय नं.१२: विद्यालयहरुको दरबन्दी माग सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित देहायका माध्यमिक विद्यालयहरुमा मावि तहको दरबन्दी नभएको/अत्यन्तै अपुग भएको हुँदा आवश्यक दरबन्दीको व्यवस्था हुन नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा मागपत्र पेश गर्ने निर्णय गरियो ।

देहायः

(क) श्री जनकल्याण मावि, बेनपा-१,उदिपुर
(ख) श्री कालिका मिलन मावि, बेनपा-२, चिसापानी
(ग) श्री यशोव्रह्मा मावि, बेनपा-३, बाहुनबेसी
(घ) श्री सेवा सदन मावि, बेनपा-४, पुरानोकोट
(ङ) श्री अन्नपूर्ण मावि, बेनपा-५, नाल्मा
(च) श्री गंगा मिलन मावि, बेनपा-६, मकैडाँडा/सारिङ
(छ) श्री जनविकास मावि, बेनपा-७, चण्डीडाँडा
(ज) श्री जनजागृति मावि, बेनपा-१०, खासुरबेसी
(झ) श्री बालविकास मावि, बेनपा-११, रामचोकबेसी
(ञ) श्री लोकराज आदर्श मावि, बेनपा-११, कार्कीडाँडा

**निर्णय नं.१३: वन डंढेलो नियन्त्रण सम्बन्धमा ।**

नेपालमा वर्षै पिच्छे वनमा लाग्ने डंढेलोबाट वनष्पति र बन्यजन्तुको ठूलो क्षति हुने गरेकोमा यस वर्षको हिउँदमा झन पानी नपरी सुख्खापन भएको हुँदा वन डँढेलो बढ्न जाने जोखिम न्यूनीकरणको लागि वडास्तरमा सम्बन्धित वडाको आयोजनामा वन डँढेलो नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम गर्नको लागि प्रतिवडा अधिकतम् रु. १५ हजारका दरले हुने रु. १ लाख ६५ हजार वन तथा जैविक विविधता सम्बन्धी शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/१०/२८ गतेको बैठक

निर्णय नं.१४: अकबरे खुर्सानी खेतीको उत्पादन प्रदर्शनी कार्यक्रम सम्बन्धमा ।
बढी मूल्य जाने तरकारी खेती अन्तर्गत पर्ने अकबरे खुर्सानी खेतीको उत्पादन प्रदर्शनी कार्यक्रम सञ्चालनको लागि आन्तरिक आय फुटकर शिर्षकबाट रु. ५८ हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: राष्ट्रिय युवा परिषदसंगको साझेदारीमा सञ्चालन गर्ने तालिमको सम्बन्धमा ।
राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुरको प्राविधिक सहयोग (प्रशिक्षण सेवा) र बेसीशहर नगरपालिकाको व्यवस्थापन सहयोग (खाजानास्ता,स्टेशनरी आदि) मा बेसीशहर नगरपालिका भित्रका युवाहरुलाई लक्षित गरी ७ दिने उद्यमशिलता तथा वित्तिय साक्षरता सम्बन्धी तालिम सञ्चालन गर्ने साथै तालिममा सहभागिताको लागि सूचना प्रकाशन गरी तालिम प्रस्तावना स्वीकृत गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: श्रद्धाञ्जली/समवेदना सम्बन्धमा ।
(क) वर्तमान नगर कार्यपालिका सदस्य एवम् वडा नं २ का वडाध्यक्ष श्री मदन बहादुर रानाको पूजनीय पिता, साविक गाउँशहर गाविस-८ का वडाध्यक्ष, समाजसेवी मिन बहादुर रानाको यही २०८१ माघ १० गतेका दिन असामयिक निधन भएकोमा सिंगो कार्यपालिका परिवार मर्माहत भएको यस दुखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने साथै सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

(ख) बेसीशहर ७ निवासी गण्डकी प्रदेश सरकारका वर्तमान वन तथा वातावरण मन्त्री श्री भेष बहादुर पौडेलका पूजनीय पिता, सामाजिक र राजनीतिक क्षेत्रका अग्रज व्यक्तित्व तिलक बहादुर पौडेलको यही २०८१ माघ २२ गतेका दिन असामयिक देहावसान भएको हुँदा नगरपालिका परिवार स्तब्ध हुनुको साथै यस दुखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्ने साथै सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख